आज मिति २०७६/०४/१३ गते शुक्रबारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**<u>तपसिल</u>**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. विविध तथा प्रासंगिक विषयहरु ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित तथा आ.व. २०७६/७७ को स्वीकृत बार्षिक विकास कार्यक्रममा संघ तथा प्रदेश सरकारको सहकार्यमा सञ्चालन गरिने भनी तय गरिएका तपसिल बमोजिमका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन सहित समपुरक बजेट मागका लागि कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. ढडमेला खानेपानी आयोजना, शिवालय १ र २, जाजरकोट ।

२. टाटा तिमिलेपाखा थाला सडक आयोजना, शिवालय ४ र ५, जाजरकोट ।

३. थाला टुनी रोकायजाँत सडक आयोजना, शिवालय ५ र ६, जाजरकोट ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. २ स्थित **ढडमेला लामाडाँडा र जुगाने लगाकाँडा खानेपानी आयोजना**को लागि कर्णाली प्रदेश सरकारद्धारा आ.व. २०७५/७६ मा रकम विनियोजन भई खानेपानी पाइप खरिद भई अलपत्र अवस्था रहेको र यस आ.व. २०७६/७७ मा बजेट विनियोजन नगरी छुट हुन गएकोले उक्त आयोजनाहरुलाई कर्णाली प्रदेश सरकारको बार्षिक विकास कार्यक्रममा समावेशका लागि अनुरोध सहित सिफारिस गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/५/१३ मा बसेको एकतीसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।